आवेदकवर्ग समक्ष

# बाल भत्ताको दायरा भन्दा बाहिर परेका घरपरिवारलाई बुन्क्योउ-कु द्वारा दिइने आफ्नै मौलिक लाभ रकम
# LINE उपयोग गरेर गरिने आवेदनको गाइड

*हुलाकबाट प्रेषण गरेर समेत प्रक्रिया अपनाउन सकिन्छ।

हुलाकबाट प्रेषण मार्फत समेत आवेदन गर्न सकिने!

## हाम्रो सिफारिसको LINE उपयोग गरेर आवेदन दिँदाको मुख्य बुँदाहरू

(1) आवेदन बारे सबै **LINE को Talk स्क्रीनमा पूर्ण रूपमा रहेको छ**

(2) कागजातलाई **स्मार्टफोनले खिच्ने अनि पठाउने** मात्र

(3) माइनम्बर कार्ड भएमा, **स्मार्टफोनमा माइनम्बर कार्ड टच गरे मात्र मूलव्यक्ति पहिचान OK हुने**

*मूलव्यक्ति पहिचान गर्ने कार्य फेस अथेन्टिकेसन + कागजातबाट समेत मिल्छ।

**अपवादका रूपमा बुन्क्योउ-कु द्वारा हुलाकबाट प्रेषण गरेर आवेदन दिन अनुरोध गरिने महानुभाव**

- यदि आवेदक निजामती कर्मचारी हुन् भने
- आवेदक बुन्क्योउ-कु मा बसोबास गर्ने र नानीबाबु चाहिँ बुन्क्योउ-कु बाहिर बसोबास गर्ने भए


*आवेदक भन्नाले, नानीबाबु हुर्काइरहेका अभिभावक हुने।

## 1. कागजातको तयारी

### आवेदक (अभिभावक)को मूलव्यक्ति पहिचान हुने कागजात

(1) माइनम्बर कार्ड

*सँगै हस्ताक्षर निमित्तको पासवर्ड (अङ्ग्रेजी अङ्क तथा अक्षर: 6 - 16 ओटा। माइनम्बर कार्ड जारी हुँदा मूल व्यक्ति स्वयंले सेट गरेको चाहिँ) आवश्यक पर्छ।




अथवा

(2) अन्य मूलव्यक्ति पहिचान हुने कागजात: 1 प्रति


ड्राइभिङ लाइसेन्स, पासपोर्ट, जाइर्यू (बसोबास) कार्ड मध्येको कुनै एक




+

### आवेदकको नामको प्राप्त गर्ने खाता निश्चय गर्न मिल्ने कागजात

प्राप्त गर्ने खाता भएको वित्तीय संस्थाको नाम, खाता नम्बर, खातावालाको नाम थाहा हुने पासबुक वा ATM कार्ड




*इन्टरनेट बैङ्किङ प्रयोग गरिराख्नु भएको भए, माथि उल्लिखित जानकारी डिस्प्ले भएको स्क्रीनको स्क्रीन शट तयार पार्नुहोस्।

*प्रतिनिधि पात्र कार्ड (पारिवारिक कार्ड) भने, खातावालाको नाम र उक्त कार्डमा लेखेको नाम फरक पर्न सक्ने भएकोले प्रयोग गर्न मिल्दैन। आवेदक स्वयंको नामको कार्ड मात्र प्रयोग गर्न मिल्छ।

## 2. "बुन्क्योउ-कु बालबालिका हुर्काउने सहायता फाँटको आधिकारिक LINE अकाउन्ट" लाई Friend Add गरी

LINE एप ओपन गरेर,

**बुन्क्योउ-कु बालबालिका हुर्काउने सहायता फाँट आधिकारिक LINE अकाउन्ट लाई Friend Add**

*आवेदन दिनको लागि, Friend लिष्टमा यो आधिकारिक LINE अकाउन्ट Add भएको हुनुपर्छ।

*बुन्क्योउ-कु आधिकारिक LINE अकाउन्ट भन्दा फरक भएकोले याद गर्नुहोला।

बुन्क्योउ-कु बालबालिका हुर्काउने सहायता फाँटको आधिकारिक LINE अकाउन्टलाई Friend Add गर्नको लागि यता ▶

@bunkyokosodate

# 3. Talk स्क्रीनबाट आवेदन

*Talk स्क्रीनबाट आवेदकले सोधपुछ गर्न मिल्दैन।


LINE उपयोग गरेर आवेदन दिन मिल्ने भनेको **आवेदक स्वयंले मात्र** हो।



## 1 आवेदन स्टार्ट ~ अथेन्टिकेसन, मन्जुरीका बुँदामा चेक


### आवेदन स्टार्ट

- बुन्क्योउ-कु बालबालिका हुर्काउने सहायता फाँटको आधिकारिक LINE अकाउन्टको Talk स्क्रीन तर्फ
- मेन्यू स्क्रीनबाट "बाल भत्ताको दायरा भन्दा बाहिर परेका घरपरिवारलाई दिइने आफ्नै मौलिक लाभ रकमको आवेदन स्टार्ट (児童手当対象外世帯独自給付金申請スタート)"लाई ट्याप



### अथेन्टिकेसन, मन्जुरीका बुँदामा चेक

- प्रथम पटक आवेदन दिँदा मात्र अथेन्टिकेसन स्क्रीन तर्फ जाने हुनाले "स्वीकृत गर्छु (許可する)"लाई ट्याप
- लाभ-भुक्तानीको आवश्यक सर्तहरूका मन्जुरीका बुँदा राम्ररी पढी "मन्जुरी दिन्छु (同意します)"लाई ट्याप



## 2 मूलव्यक्ति पहिचान

अनुहारको फोटो खिच्न नपर्ने र चलाउन सजिलो!

**मूलव्यक्ति पहिचान विधि चयन गर्ने**

(1) माइनम्बर कार्ड
अथवा (マイナンバーカード)


(2) फेस अथेन्टिकेसन
(顔認証)

### 1. माइनम्बर कार्ड

- "मूलव्यक्ति पहिचान सुरुवात (本人確認を開始)" ट्याप गरी, हस्ताक्षर निमित्तको पासवर्ड हाल्ने
- "स्क्यानको लागि तयारी पूर्ण भयो (スキャンの準備ができました)" भन्ने डिस्प्ले भयो भने, माइनम्बर कार्ड स्क्यान

### 2. फेस अथेन्टिकेसन

- स्क्रीनको निर्देशन अनुसार क्यामेरा ओपन गरेर, आवेदक स्वयंको अनुहार खिच्ने
  *अनुहार कता फर्काउने भनेर तोकिएको हुन्छ।
- मूलव्यक्ति पहिचान हुने कागजात 1 प्रति (ड्राइभिङ् लाइसेन्स, पासपोर्ट, जाइऱ्यू (बसोबास) कार्डहरूको फोटो खिच्ने




## 3 व्यक्तिगत जानकारी भर्ने

### आवेदक (अभिभावक)को जानकारी भर्ने

- नामथर, जन्म मिति जस्ता स्क्रीनले निर्देशित गर्ने कुरा भर्ने

*मूलव्यक्ति पहिचान हुने कागजातबाट रिड गरेको डेटालाई छान्न मिल्ने विकल्प स्वरूप डिस्प्ले गरिन्छ।



### नानीबाबुको जानकारी भर्ने


- दायरामा पर्ने नानीबाबुको नामथर र जन्म मितिलाई तलको उदाहरण जसरी भर्ने

जस्तै: "बुन्क्योउ हानाको सन् 2018 सेप्टेम्बर 1 तारिखमा जन्मेको" भए
→"ブンキョウハナコ20180901"

*नामथर र जन्म मितिको बीचमा स्पेस हाल्ने वा हरफ फेर्ने नगर्नुहोला।

**अगाडि बढ्न निमिल्नुका सम्भावित कारणहरू**


- भरेको अन्तर्वस्तु नमिलिरहेको छ
- पहिल्यै आवेदन दिइसकेको भएर, दोहोरो आवेदन भइरहेको छ



## 4 प्राप्त गर्ने खाताको जानकारी भर्ने ~ अन्तर्वस्तु निश्चय गर्ने, आवेदन सम्पन्न

### प्राप्त गर्ने खाताको जानकारी भर्ने

- आवेदकको नामको प्राप्त गर्ने खाताको जानकारी भर्ने
- खाताको जानकारी निश्चय गर्न मिल्ने कागजातको फोटो खिच्ने



### अन्तर्वस्तुको निश्चय, आवेदन सम्पन्न

- आवेदनको अन्तर्वस्तु निश्चय
  *यो, आवेदन दिनु अगाडि अन्तिम पटक गरिने निश्चय हो।

गलती नभए → "आवेदन (申請)"लाई ट्याप
गलती भए → "संशोधन (修正)"लाई ट्याप

## आवेदन प्रक्रिया सम्पन्न भएपश्चात् आवेदन अन्तर्वस्तु निश्चय गर्न चाहेको खण्डमा

- मेन्यू स्क्रीनबाट "बाल भत्ताको दायरा भन्दा बाहिर परेका घरपरिवारलाई दिइने आफ्नै मौलिक लाभ रकमको अन्तर्वस्तु निश्चय (児童手当対象外世帯独自給付金内容確認)" लाई ट्याप

*निश्चय स्क्रीनबाट आवेदन दिएको अन्तर्वस्तु संशोधन गर्न मिल्दैन।



अन्तर्वस्तु निश्चय गर्दाको डिस्प्ले स्क्रीन (उदाहरण)

## आवेदन पश्चात् त्रुटि फेला परेमा

- Talk स्क्रीनमा "उत्तर आवश्यक पर्छ (回答が必要です)" भन्ने डिस्प्ले भएपछि, "उत्तर सुरुवात (回答を開始)"लाई ट्याप गरी आवश्यक बुँदा पुन: पेस गर्ने



उत्तर आवश्यक पर्दाको डिस्प्ले स्क्रीन (उदाहरण)

**[ प्राय: सोधिने प्रश्न ] आदि, लाभ रकम परियोजनाको विस्तृत विवरण बारेमा, बुन्क्योउ-कु को आधिकारिक वेबसाइट हेर्नुहोला।**

**चलाउने आदि बारेको सोधपुछ**

बुन्क्योउ-कु; बालबालिका हुर्काउने सहायता परियोजनाको कल सेन्टर

**TEL.03-5803-1288**

*जापानी भाषामा मात्र उपलब्ध छ

कार्यालय खुल्ने दिनको 8:30 ~ 17:00 / शनि, आइत, सार्वजनिक बिदाको दिनमा बन्द